**May 27, 2024**

**प्रमुख समाचार:**

- लोकसभा निर्वाचनका बाँकी चरणका प्रचारप्रसारले लियो तीव्रता
- देशले सबै आवश्यक राष्ट्रिय क्षमता विकास गरेर भविष्यमा विश्व नेतृत्व गर्ने विदेशमन्त्रीको भनाइ
- भारत र मंगोलियाका रक्षा मन्त्रालयहरूको बाह्रौँ संयुक्त कार्य समूह बैठक सम्पन्न
- देशलाई विकसित राष्ट्र बनाउन निजी क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्ने वित्त मन्त्रीको भनाइ
- चारदिने द इण्डिया स्किल्स 2024 जारी
-

---------------------------------------------------------------

**Lok Sabha Campaign**

लोकसभा निर्वाचनको बाँकी चरणको प्रचारप्रसारले तिव्रता लिएपछि प्रमुख राजनीतिक दलका नेताहरूले देशभरि एकपछि अर्को ऱ्याली गर्दै छन्। प्रधानमन्त्री श्री मोदीले आज मुम्बई दक्षिण मध्य लोकसभा निर्वाचन क्षेत्रमा ऱ्याली गर्नुभयो। कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गेले मुम्बईमा भारत गठबन्धनको सार्वजनिक बैठकमा भाग लिनुभयो। केन्द्रीय मन्त्री श्री अमित शाह आज उत्तर प्रदेश, ओडिशा र झारखण्ड जानुभयो। उहाँले उत्तर प्रदेशको अमेठी लोकसभा निर्वाचन क्षेत्रमा एक ऱ्यालीलाई सम्बोधन गर्नुहुनेछ, झारखण्डको राँची लोकसभा क्षेत्रको रोड शोमा सहभागिता जनाउनुहुनेछ र ओडिशाको राउरकेलामा पार्टीको विजय संकल्प यात्रालाई सम्बोधन गर्नुहुनेछ। दिल्लीका मुख्यमन्त्री स्री अरविन्द केजरीवालले आज पंजाबबाट आफ्नो चुनावी अभियान सुरु गर्नुभयो। आसामका मुख्यमन्त्री श्री हिमन्त विश्व शर्माले आज कविसूर्यनगर, कान्ताबन्जी, लोइसिङ्घा र देलोङ-कनासमा चार जनसभालाई सम्बोधन गर्नुभयो।

**S. Jaysangkar**

भारतीय विदेशमन्त्री डा. एस जयशंकरले आज नयाँ दिल्लीमा व्यापार संगठनहरूद्वारा आयोजित सम्मेलनमा बोल्दै भन्नुभयो, भारतले सबै आवश्यक राष्ट्रिय क्षमता विकास गर्नेछ, जसले गर्दा देशले भविष्यमा विश्व नेतृत्व गर्न सक्छ। श्री जयशंकरले व्यापार मैत्री वातावरणसँगै दक्षता र प्रतिस्पर्धात्मक अवस्था विकास गर्नमा ध्यान दिनुपर्छ, यसो गर्दा देशले दहिलो वृद्धि, शासनमा सुधार, वित्तीय अनुशासन, पूर्वाधार र द्रुत रूपमा बढ्दो डिजिटलाइजेशन देख्न सक्छ भन्नुभयो। साथै, उहाँले विश्वमा बढ्दो तनावप्रति चिन्ता व्यक्त गर्दै, विश्व स्थायित्वमा भारतको योगदानलाई पनि जोड दिनुभयो अनि **भारत प्रथम र वसुधैव कुटुम्बकम**ले भारतलाई विश्वबन्धुको मान्यता दिएको बताउनुभयो।

## INDIA MANGOLIA DEFENCE MEET

भारत र मंगोलियाका रक्षा मन्त्रालयहरूबीचको बाह्रौँ संयुक्त कार्य समूहको बैठक आज मंगोलियाको उलानबाटारमा सम्पन्न भयो। बैठकको सहअध्यक्षता रक्षा मन्त्रालयका सहसचिव श्री अमिताभ प्रसाद र उहाँका मङ्गोलियन समकक्षी ब्रिगेडियर जनरल गाङ्खुयाग दाभागदोर्जले गर्नुभयो। बैठकमा मंगोलियाका लागि भारतीय राजदूत श्री अतुल मल्हारी गोतसुर्वे पनि सहभागी हुनुहुन्थ्यो। यस दुईदिने बैठकमा दुवै पक्षले दुई देशबीच जारी रक्षा सहयोगप्रति सन्तुष्टि व्यक्त गरेका छन्। रक्षा मन्त्रालयका अनुसार, दुवै पक्षले विभिन्न द्विपक्षीय रक्षा सहयोग पहलहरूमा भएको प्रगतिको समीक्षा गरे र दुवै क्षेत्रमा सहयोगलाई थप अभिवृद्धि गर्ने माध्यमहरू पहिचान गरे। दुई पक्षबीच वर्तमान भूराजनीतिक अवस्थाबारे पनि विचार आदानप्रदान भयो। श्री प्रसादले भारतीय रक्षा उद्योगको क्षमताबारे प्रकाश पार्नुभयो र मङ्गोलियन पक्षले भारतीय उद्योगको क्षमतामा विश्वास व्यक्त गरेको छ।

## Sitaraman

केन्द्रीय वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले सन् २०४७ सम्म भारतलाई विकसित राष्ट्र बनाउन निजी क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ। व्यापार संगठनद्वारा नयाँ दिल्लीमा आयोजित कार्यक्रममा श्रीमती सीतारमणले देश विकासको आवश्यकतामा जोड दिँदै, विभिन्न आर्थिक आँकलनहरू उल्लेख गर्नुभयो र आगामी पाँच वर्षमा विश्वको वृद्धिमा भारतले १८ प्रतिशत योगदान दिने विश्वास व्यक्त गर्नुभयो। उहाँले देशको उत्पादन क्षमता र सहयोग क्षेत्र बलियो भएको उल्लेक गर्दै, तीव्र गतिमा विकास भइरहेको अर्थतन्त्र आगामी वर्षहरूमा अझ तीव्र हुने अवगत गराउनुभयो। वित्तमन्त्रीले देशको विकास नीतिको स्थिरताले गर्दा सम्भव भएको बताउनुभयो  र हरित अर्थतन्त्रमा जोड दिँदै हरित ऊर्जाको विकास हाम्रो दायित्व हो भन्नुभयो।

## India-Skills 2024

देशको सबैभन्दा ठूलो कौशल प्रतियोगिता,  **द-इन्डिया-स्किल्स-2024** नयाँ दिल्लीमा सञ्चालन भइरहेको छ। चार दिनसम्म चल्ने यस प्रतियोगितामा तीस राज्य र केन्द्र शासित प्रदेशका नौ सयभन्दा बढी विद्यार्थी सहभागी छन् । यो प्रतियोगिता गत बुधबारदेखि द्वारकास्थित यशभूमिमा चलिरहेको छ। प्रतियोगितामा सहभागीहरूले परम्परागत हस्तकलाका साथै नयाँ प्रविधिको क्षेत्रमा आ-आफ्नो सीप प्रदर्शन गरिरहेका छन्। प्रतियोगिताका विजेताले सर्वश्रेष्ठ उद्योग प्रशिक्षकहरूको सहयोगमा यसै वर्ष सेप्टेम्बरमा फ्रान्सको लियोनमा आयोजना हुने विश्व सीप प्रतियोगिताका लागि तयारी गर्नेछ।

## Finance-Trade Assembly

वाणिज्य तथा उद्योग मन्त्रालयका विदेश व्यापारका संयुक्त महानिर्देशक श्री तिरुमाला वेंकटेश के.-ले आज कागजरहित व्यापारको दिशामा देशको योगदान उल्लेखनीय रहेको प्रकाश पार्नुभयो। उहाँले आज नयाँ दिल्लीमा आयोजित समावेशी वृद्धिका लागि वित्त व्यापारसम्बन्धी पाँचौँ राष्ट्रिय शिखर सम्मेलनलाई सम्बोधन गर्दै भन्नुभयो, भारत 93 दशमलव 5-5 प्रतिशतको प्रभावशाली अङ्कका साथ वैश्विक व्यापार सुविधा प्रयासहरूमा सबैभन्दा अगाडि छ। उहाँले एसिया प्रशान्तका लागि संयुक्त राष्ट्र आर्थिक तथा सामाजिक आयोगको डिजिटल तथा दिगो व्यापार सुविधासम्बन्धी वैश्विक सर्वेक्षणमा देशको प्रदर्शन प्रगति स्पष्ट सूचक भएकोमा जोड दिनुभयो। उहाँले व्यापारी, हितधारक, ब्याङ्कर र अधिकारीहरूलाई देशका भावी आवश्यकताहरू पूरा गर्न व्यापार वित्तको क्षेत्रमा विश्वका उत्कृष्ट अभ्यासहरू, प्रविधि प्रचलन  र भावी विकासहरू पहिचान गर्न पनि आग्रह गर्नुभयो। यसबीच, नीति आयोगका वरिष्ठ सल्लाहकार श्री संजित सिंहले २०४७ सम्म देशलाई विकसित राष्ट्रका रूपमा हेर्न वित्त व्यापारबारे छलफल गर्न आग्रह गर्नुभयो।

## ONDC STARTUP MAHOTSAV

स्टार्टअप इन्डिया पहल र ओपन नेटवर्क फर डिजिटल कमर्स, ONDC बीचको सहकार्यमा आज नयाँ दिल्लीमा ONDC स्टार्टअप महोत्सव आयोजना भयो। उद्योग प्रवर्धन तथा आन्तरिक व्यापार विभाग, DPIIT को तत्वावधानमा सम्पन्न महोत्सवमा हाइब्रिड मोडमा पाँच हजारभन्दा बढी स्टार्टअपको सहभागिता रहेको थियो। विभागले 12 युनिकर्न र 125 भन्दा बढी स्टार्टअपहरू ONDC नेटवर्कमा जोडिन प्रतिबद्ध रहेको जानकारी दिएको छ। DPIIT सचिव श्री राजेश कुमार सिंहले स्टार्टअप वृद्धि र नवीनताका लागि इकोसिस्टमलाई पोषण र प्रोत्साहन गर्ने सरकारको दह्रिलो प्रतिबद्धतालाई जोड दिएको छ। DPIIT, संयुक्त सचिव श्री संजीवले स्टार्टअपहरू र ONDC बीच निरन्तर सहकार्यप्रति सरकारको दृष्टिकोणप्रति प्रकाश पार्नुभयो।

## World Tele Day

विश्व दूरसञ्चार तथा सूचना समाज दिवस आज  इन्टरनेट र अन्य सूचना तथा सञ्चार प्रविधिको प्रयोगका सम्भावनाहरूबारे सचेतना जगाउन मनाइँदै छ। यो प्रविधिले समाज र अर्थतन्त्रमा परिवर्तन ल्याउने क्षमता राख्छ। देशले आज डिजिटल क्षेत्रमा विश्वव्यापी नेतृत्वको रूपमा उदाउने र आफ्ना नागरिकहरूलाई सशक्त बनाउने महत्त्वपूर्ण डिजिटल यात्राको उत्सव मनाउँदै छ। हालका वर्षहरूमा, भारतीय दूरसञ्चार क्षेत्रले महत्त्वपूर्ण वृद्धि देखेको छ र परिवर्तनकारी युगका लागि चरणहरू तय गरेको छ।

## IPL-CRICKET

आईपीएल क्रिकेटमा आज साँझ मुम्बई इन्डियन्सले लखनऊ सुपर जाइन्ट्ससँग वानखेडे स्टेडियममा प्रतिस्पर्धा गर्दै छ। हार्दिक पाण्डेको नेतृत्वमा रहेको मुम्बई इन्डियन्स शीर्ष चारबाट बाहिरिने पहिलो टोली भएको छ र यो अहिले तालिकाको पुछारमा रहेको छ, त्यसरी नै एल.एस.जी १३ खेलमा १२ अंकसहित सातौँ स्थानमा छ। कोलकाता नाइट राइडर्स १९ अंकसहित अंक तालिकाको शीर्ष स्थानमा छ भने, राजस्थान रोयल्स १६ अंकसहित दोस्रो स्थानमा छ र सनराइजर्स हैदरावाद १५ अंकसहित तेस्रो स्थानमा छ।

## Boxing

महिला बक्सिङमा वर्तमान विश्व च्याम्पियन निकत जरिन अन्य तीन बक्सरसँगै काजाकिस्तानको राजधानी अस्ताचनामा जारी एलोर्डा कप २०२४ को फाइनलमा प्रवेश गरेकी छिन्। हिजो महिला वर्गमा ५२ केजी तौल समूहमा निकत जरिनले स्थानीय बक्सर तोमिरिस मिर्जाकुललाई ५-0 ले पराजित गरिन् भने, ४८ केजी तौल समूहमा मीनाक्षीले कजाकिस्तानकी मुक्केबाज गुलनाज बुरिबाएभलाई पराजित गरिन्। ६० केजी तौल समूहमा मनिषाले ताङ्टार असेमलाई पराजित गरिन्। त्यसै गरी, ५० केजी तौल समूहमा अनामिका वासले कजाकिस्तानकी गुलनार तुरापाएभलाई पराजित गरी विजयी भइन्। फाइनल खेल भोलि हुनेछ।